नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाण्डौं, नेपाल

सम्पर्क नं.०१-५९०९३४४

नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाण्डौं

प.सं. ०७९।८०
च.नं. 460

मितिः२०८०।०१।२६

श्री सम्पादकज्यू/प्रकाशकज्यू/सञ्चारगृह
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु।

विषयः २०८० साल जेठ महिनाको लागि लोककल्याणकारी विज्ञापन पठाइएको।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम छापामाध्यमवाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व. २०७६/७७ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८० साल जेठ महिनामा संलग्न बमोजिमका विज्ञापन प्रकाशनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहायबमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ। सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको रकम भुक्तानी नहुने व्यहोरा समेत अनुरोध छ।

तपसिलः

१. पत्रसाथ उपलव्ध गराइएका विज्ञापनहरु २०८० साल जेठ महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशन गर्नु हुन।
२. विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहराइकन फरक फरक विज्ञापन प्रकाशन गर्नुहुन अर्थात महिना भरीमा एउटा विज्ञापन एक पटक मात्र प्रकाशन गर्नुहुन।
३. जेठ महिनाको विज्ञापन प्रकाशन गरेपछि विज्ञापन प्रकाशन गरिएका पत्रपत्रिका र बील जेठ महिनामा नै वा आषाढ महिनाको ७ गतेभित्र अनिवार्यरुपमा वोर्ड/हुलाक निर्देशनालय/कार्यालयमा पेश गर्नुहुन।

२०८०।१।२६

(निशान्तराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ/कार्यार्थ
निर्देशनालय, मोरङ्ग, कास्की, सुर्खेत, डोटी ।
श्री सबै जिल्ला हुलाक कार्यालयहरु( काठमाडौं, ललितपुर र भक्तपुर बाहेक) ।

CamScanner

# व्यवसायिक कृषिले बनाउँछ सुखी।

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# खेतीयोग्य जमिनमा बस्ती नबसालौं।

- खेतियोग्य जमिनमा बसोवास नगरौं/नगराऔं,
- हरियाली बातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

- मानो रोपौं, मुरी फलाऔं,
- खेतीयोग्य जमिन बाँझो नछोडौं,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# फलफूल रोपौं, आम्दानी बढाऔं

- एकपटक लगाएको फलफूलको बिरुवाले बर्षौं आम्दानी दिन सक्छ,
- तराई, पहाड र हिमाल जहाँ पनि फलफूल खेती गर्न सकिन्छ,
- थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सकिन्छ,
- फलफूलको खेती गरौं, समृद्ध बनौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन, यिनको अवलम्बन गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# गणतन्त्र दिवस, २०८० भव्यरुपमा मनाऔं

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न
कार्यक्रमको आयोजना गरौं।

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।

संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# नागरिकका कर्तव्य

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गणतन्त्रका उपलव्धीहरु

- ➢ संघीयताको अभ्यासमार्फत संघ,प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- ➢ विधिको शासनको व्यवस्था,
- ➢ अधिकार सम्पन्न स्थानीय तह,
- ➢ जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- ➢ अभिव्यक्ति स्वतन्त्रताको रक्षा,

यी उपलव्धीहरुको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# घातक विषादीको प्रयोग नगरौं।

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन्।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ।

त्यसैले,

**कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौ।**

नेपाल सरकार

विज्ञापन बोर्ड

# चट्याङको समयमा सतर्क रहौं ।

## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार

विज्ञापन बोर्ड

# आगलागी हुन नदिन चनाखो बनौं ।

आगलागीबाट बच्न,

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सर्पदंश (सर्पको टोकाई) बाट बचन...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

- मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
- मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
- जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड